नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, पुस २४ गते २०५७ साल (संख्या ३८

भाग ३

श्री ५ को सरकार

रक्षा मन्त्रालयको सूचना

श्री ५ को सरकारले शाही नेपाली सैनिक विमान सेवा व्यापारीक उडान विकास समिति (गठन) आदेश, २०३६ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही गठन आदेशको दफा ३ को उपदफा (२) को खण्ड (झ) र (ञ) को सट्टा देहायको खण्ड (झ) र (ञ) रहने गरी हेरफेर गरेको छ :–

"(झ) बाहिनी पति, श्री नं. १६ बाहिनी –सदस्य

(ञ) बाहिनी पति, श्री नं. ११ बाहिनी – सदस्य-सचिव"

आज्ञाले,

पदमकुमार आचार्य

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग ४

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५७ साल कात्तिक १५ को निर्णयानुसार संसद सचिवालयका सह-सचिव श्री राधेश्याम भट्टराईले नेपाल संसद सेवाको राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव) को पदबाट दिनु भएको राजीनामा मिति २०५७ साल भदौ ३० देखि लागू हुने गरी स्वीकृत गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
अर्जुनप्रसाद कोइराला
उप सचिव

भूलसुधार

खण्ड ५०, संख्या ३६ मिति २०५७।९।१० मा प्रकाशित अर्थ मन्त्रालयको सूचना नं. २ मा "मिलिलिटर" हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228